# व्यवस्थापिका संसदको माननीय सदस्यहरुको " वित्तीय संघीयता, यसको कार्यान्वयन र चुनौती " सम्वन्धमा अन्तरक्रियात्मक कार्यक्रम

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयको संयोजनमा व्यवस्थापिका संसदका विकास समितिका माननीय सदस्यज्यूहरुको सहभागितामा "वित्तीय संघीयता, यसको कार्यान्वयन र चुनौती " विषयमा अन्तरक्रिया कार्यक्रम मिति २०७३/८/३० र २०७३/९/१ मा होटल भ्यू भृकुटी, गोदावरीमा सम्पन्न भएको छ। उक्त दुई दिने अन्तरक्रियात्मक कार्यक्रममा अन्तराष्ट्रिय विज्ञ द्धय प्रा.डा. रोय केली, डेभिड पार्क र राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्मा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री केदार बहादुर अधिकारीले सहजीकरण गर्नुभएको थियो।

स्थानीय निकाय वित्तीय आयोगको सचिवालयको उपसचिव श्री विष्णुदत्त गौतमले सञ्चालन गर्नु भएको उक्त कार्यक्रम संघीय मामिला तथा स्थानीय विकास मन्त्री हित राज पाण्डेले उद्घाटन गर्नुभएको थियो। उक्त दुई दिने कार्यक्रमको उद्देश्यका बारेमा स्थानीय निकाय वित्तीय आयोगको सचिवालयको सदस्य सचिव श्री पुरुषोत्तम नेपालले प्रष्ट पार्नु भएको थियो।

सो अवसरमा व्यवस्थापिका संसदका माननीय सदस्यहरुले नेपालमा वित्तीय संघीयता लागू गर्नका लागि गर्नु पर्ने पूर्वतयारी यसका चुनौती तथा अवसरहरु मन्त्रालयको तर्फबाट खेल्नुपर्ने भूमिका तथा व्यवस्थापिका संसदको भूमिकाका बारेमा विभिन्न प्रश्नहरु राख्नु भएको थियो।

यस अन्तरक्रिया कार्यक्रममा डा. केलीले वित्तिय संघीयताका आधारभूत अवधारण, अन्तरसरकारी वित्तिय सम्वन्ध तथा अन्तर सरकारी वित्तिय हस्तान्तरणको सिद्धान्त र यसका अन्तराष्ट्रिय अनुभवका विषयमा माननीय सदस्यहरुले उठाउनुभएको जिज्ञासा वारे स्पष्ट पार्दै सहजीकरण गर्नुभएको थियो। डेविड पार्कले केन्द्र, प्रान्त र स्थानीय तह बीच शक्ति बाँडफाड यसका चुनौती र समस्याहरु विषयमा छलफल गर्नुभएको थियो। त्यस्तै गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री केदार वहादुर अधिकारीले नेपालमा वित्तिय संघीयताको अवस्था र यसका चुनौती विषयमा प्रष्ट पार्नु भएको थियो। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोगको भावी भूमिका र कार्यक्षेत्रहरुको वारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।